# सेवाग्राहीको अभिलेखमा पहुँचसम्बन्धी नीति

## तपाईंको जानकारी महत्त्वपूर्ण हुन्छ
यौन दुर्व्यवहार सहायता सेवा (SASS) मा, हामीले प्रदान गर्ने सहायता र सेवाहरूको बारेमा अभिलेख राख्छौं।

हामीसँग तपाईंको बारेमा भएका जानकारी बारेमा सोध्ने अधिकार तपाईंलाई छ र धेरैजसो अवस्थामा तपाईंले आफ्नो रेकर्डका लागि एक प्रति प्रतिलिपि राख्न वा प्राप्त गर्न सक्नुहुन्छ। हामीले यो प्रक्रिया सुरक्षित, सम्मानजनक र सहज महसुस हुने गरि अपनाउन चाहन्छौं।

## तपाईंको अधिकार
तपाईंलाई निम्न अधिकार छ:

- ✓ SASS सँग तपाईंको बारेमा भएको जानकारी बारे सोध्ने
- ✓ आफ्नो अभिलेखहरू हेर्न अनुरोध गर्ने
- ✓ आफ्नो अभिलेखको प्रतिलिपि माग्ने
- ✓ आफ्नो अभिलेखमा भएको जानकारी बारेमा प्रश्नहरू सोध्ने
- ✓ प्रक्रियाको क्रममा सहयोग प्राप्त गर्ने
- ✓ सम्मान र मर्यादाका साथ व्यवहार गरिनु पर्ने
- ✓ यदि तपाईं कुनै निर्णय प्रति असन्तुष्ट हुनुहुन्छ भने गुनासो व्यक्त गर्ने वा उजुरी दिने

## बालबालिका तथा किशोरकिशोरीहरू
हामी बालबालिका तथा किशोरकिशोरीहरूले सुरक्षित, सम्मानित र आफ्नो कुरा सुनिएको महसुस गरून् भन्ने चाहन्छौँ। बालबालिका तथा किशोरकिशोरीहरूलाई आफ्नो व्यक्तिगत जानकारी जान्ने अधिकार हुन्छ र उनीहरूलाई अर्थपूर्ण तरिकाले ती अधिकारहरू बुझ्न सहयोग गरिनेछ।

बालबालिका तथा किशोरकिशोरीहरूको जानकारीमा पहुँचसम्बन्धी निर्णय लिँदा, हामी निम्न कुरामा ध्यान दिनेछौँ:

- उनीहरूको सुरक्षा र कल्याण
- उनीहरूको विचार र इच्छा
- उनीहरूको उमेर र बुझ्न सक्ने शक्ति
- उनीहरूको सर्वोत्तम हित

आमाबाबु र अभिभावकहरूले आफू जिम्मेवार भएको बालबालिका तथा किशोरकिशोरीहरू बारे जानकारी लिन सक्छन्। हामीले यी निर्णयहरू लिँदा हाम्रा बालबालिका वा किशोरकिशोरीको अधिकार, सुरक्षा र कल्याणलाई ध्यानपूर्वक विचार गर्नेछौं।

## तपाईंको अभिलेखहरू हेर्नु पर्दा
यदि तपाईं आफ्नो बारेमा अभिलेख राखिएको जानकारी हेर्न चाहनुहुन्छ भने, तपाईंले निम्न कार्य गर्न सक्नुहुन्छ:

Sexual Assault Support Service

- आफ्नो सल्लाहकारसँग कुरा गर्नुहोस्
- फोन वा इमेल मार्फत SASS लाई सम्पर्क गर्नुहोस्
- कर्मचारी सदस्यलाई सहयोग गरिदिन आग्रह गर्नुहोस्

हामीले उपलब्ध विकल्पहरूको बारेमा बताउनेछौँ र यो प्रक्रियाभरि तपाईंलाई सहयोग गर्नेछौँ।

कहिलेकाहीँ हामीले जानकारी उपलब्ध गराउने तरिकाहरू फरक हुन सक्छन्, जस्तै:

- तपाईंलाई आफ्नो अभिलेख हेर्न दिने
- अभिलेखको प्रतिलिपि उपलब्ध गराउने
- जानकारीको सारांश उपलब्ध गराउने
- तपाईंले चाहेकोको खण्डमा कुनै पेशाकर्मीसँग जानकारी साझा गर्ने

## प्रक्रियाको क्रममा सहायता

गम्भीर विषयहरूको बारेमा जानकारी पढ्दा कहिलेकाहीं आवेग उत्पन्न हुन सक्छ।
यदि तपाईंलाई आफ्नो अभिलेख हेर्नु अघि, हेर्दा खेरि वा हेरिसके पश्चात सहायता चाहिन्छ भने, तपाईंलाई केले सहयोग पुर्‍याउन सक्छ भन्ने बारेमा तपाईंसँग हामी कुरा गर्न सक्छौँ।

तपाईं निम्न रोजाइ लिन सक्नुहुन्छ:

- सहयाताकर्ता सँगै ल्याउने
- प्रश्नहरू सोध्ने
- विश्राम लिने
- जानकारीको बारेमा SASS का कर्मचारी सदस्यसँग कुरा गर्ने

यो सम्पूर्ण प्रक्रियाभरि तपाईं सुरक्षित र सहायता प्राप्त गरेको सुनिश्चित गराउन हामी चाहन्छौं।

## अन्य पेशाकर्मीहरूसँग जानकारी साझा गर्दा

तपाईं निम्न पेशाकर्मीसँग आफ्नो जानकारी साझा गर्न चाहनुहुन्छ होला, जस्तै:

- डाक्टर
- वकिल
- सहायता सेवा
- अन्य स्वास्थ्यकर्मी

अधिकांश अवस्थामा, हामीले तपाईंको जानकारी साझा गर्नु अघि तपाईंको अनुमति लिनेछौँ। कस्तो जानकारी साझा गरिँदैछ र किन गरिँदैछ भन्ने बारेमा हामी तपाईंसँग कुरा गर्नेछौँ।

## सबैलाई सुरक्षित राख्ने

SASS सेवाग्राहीहरूको गोपनीयता, सुरक्षा र कल्याणको रक्षा गर्न प्रतिबद्ध छ।

कहिलेकाहीँ यस्तो जानकारी पनि हुन सक्छ जुन साझा गर्न सकिँदैन। यसमा निम्न समावेश हुन सक्छन्:

- अर्को व्यक्तिको गोपनीयतालाई असर गर्न सक्ने जानकारी
- गम्भीर सुरक्षा चिन्ता सिर्जना गर्न सक्ने जानकारी
- SASS लाई कानुनी रूपमा सुरक्षित राख्न आवश्यक पर्ने जानकारी

यदि यस्तो भएमा, हामीले खुलासा नगर्नुका कारणहरू सकेसम्म स्पष्ट रूपमा व्याख्या गर्नेछौं।

## पहुँचयोग्यता र समावेशीकरण

हामी सबै उमेर, संस्कृति, लैङ्गिकता, यौनिकता, क्षमता र पृष्ठभूमिका मानिसहरूलाई स्वागत गर्दछौँ। यदि तपाईंलाई अपाङ्गता, सञ्चार/संवाद आवश्यकता, भाषा, साक्षरता, संस्कृति, उमेर, स्नायु विविधता वा अन्य कुनै कारणले गर्दा सहायता चाहिएमा, कृपया हामीलाई थाहा दिनुहोस्।

हामी तपाईंको लागि उपयुक्त तरिकाले जानकारी प्रदान गर्न सक्दो प्रयास गर्नेछौं।

यसमा निम्न समावेश हुन सक्छन्:

- विभिन्न ढाँचामा जानकारी प्रदान गर्ने व्यबस्था
- दोभाषे वा सञ्चार/संवाद गर्न सहयोगीको व्यबस्था
- जानकारी स्पष्ट पार्न थप समयको व्यबस्था
- सहायताको लागि अधिवक्ता वा सहयोगी व्यक्ति सँगै ल्याउने व्यबस्था

## प्रश्न, प्रतिक्रिया वा गुनासोहरू

यदि केहि चीज ठीक लागिरहेको छैन भने, तपाईंले हामीलाई भन्न सक्नुहुन्छ। तपाईंले निम्न कुराहरू गर्न सक्नुहुन्छ:

- प्रश्नहरू सोध्ने
- गुनासो व्यक्त गर्ने
- उजुरी दिने
- प्रतिक्रिया दिने

हामी प्रतिक्रियाहरु लिन्छौं र मानिसहरूले सुरक्षित रूपमा आफ्नो कुरा राख्न सकून् भन्ने चाहन्छौं। बोल्दैमा, गुनासो गर्दैमा वा प्रतिक्रिया दिँदैमा SASS बाट तपाईंले प्राप्त गर्ने सहयोगलाई कुनै असर गर्ने छैन।

यदि तपाईंलाई गुनासो व्यक्त गर्न वा उजुरी गर्न मद्दत चाहिन्छ भने, हामी तपाईंलाई सहयोग गर्नेछौँ।

Sexual Assault Support Service

## सहयोग गर्न हामी यहाँ छौँ।

तपाईंको कल्याण, गोपनीयता र अधिकारहरू हाम्रो लागि महत्त्वपूर्ण छन्। यदि तपाईं आफ्नो जानकारी हेर्न चाहनुहुन्छ वा आफ्नो अभिलेख बारे प्रश्नहरू छन् भने, कृपया आफ्नो सल्लाहकारसँग कुरा गर्नुहोस्, वा हाम्रो प्रशासन टोलीलाई सम्पर्क गर्नुहोस्।

हामी तपाईंसँग सुरक्षित, सम्मानजनक र सहयोगी तरिकाले काम गर्न प्रतिबद्ध छौँ।